# Sanjen Jalavidhyut Company Limited

## Unaudited Statement of Financial Position

### As on 32th Ashadh 2082 (Corresponding to 16th July 2025)

*(Figure in '000')*

| Particulars | 4'th Quarter 32.03.2082 (2025.07.16) | 3'rd Quarter 31.12.2081 (2025.04.13) | Year Ended 31.03.2081 (2024.07.15) |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property Plant and Equipment's | 12,669,868 | 12,721,548 | 3,231,530 |
| Project Capital Work in Progress | - | - | 9,304,659 |
| Term Deposit | - | - | - |
| **Total Non-Current Assets** | **12,669,868** | **12,721,548** | **12,536,189** |
| **Current Assets** | - | - | - |
| Inventories | 109,407 | 108,735 | 31,727 |
| Prepayments | 6,202 | 6,146 | 3,784 |
| **Financial Assets:** | - | - | - |
| Advances to Contractors and Consultants | 55,365 | 55,365 | 62,804 |
| Deposits and Margin | 2,777 | 2,824 | 2,176 |
| Current Tax Assets | 11,131 | 12,191 | 12,017 |
| Term Deposits with Banks | 270 | 270 | 270 |
| Trade Receivables(NEA) | 334,677 | 189,691 | 52,418 |
| Other Financial Asssets(Advance) | 32,354 | 54,460 | 53,292 |
| Bank Balances (Call and Current) | 29,739 | 42,075 | 116,950 |
| **Total Current Assets** | **581,922** | **471,758** | **335,438** |
| **TOTAL ASSETS** | 13,251,790 | 13,193,306 | 12,871,627 |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 3,650,000 | 3,650,000 | 3,650,000 |
| Accumulated profit/(Loss) | (675,228) | (638,716) | (395,848) |
| **Total Equity** | **2,974,772** | **3,011,284** | **3,254,152** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| **Financial Liabilities:** | | | |
| Borrowings (Long Term) | 9,101,626 | 9,255,078 | 8,970,061 |
| Other Non-current Liabilities | 256,023 | 251,392 | 256,356 |
| **Total Non-Current Liabilities** | **9,357,649** | **9,506,470** | **9,226,417** |

| | | | |
|---|---|---|---|
| **Current Liabilities** | - | - | - |
| Provisions | 14,815 | 14,401 | 2,433 |
| **Financial Liabilities:** | - | - | - |
| Borrowings(Short Term) | 850,000 | 630,000 | 330,000 |
| Other Financial Liabilities and Payables | 54,554 | 31,151 | 58,625 |
| **Total Current Liabilities** | **919,369** | **675,552** | **391,058** |
| **TOTAL EQUITY AND LIABILITIES** | **13,251,790** | **13,193,306** | **12,871,627** |

# Sanjen Jalavidhyut Company Limited
## Unaudited Statement of Profit or Loss

**From 1st Srawan 2081 to 32th Ashadh 2082 (Corresponding 16th July 2024 to 16th July 2025)**

*(Figure in '000')*

| Particulars | 4'th Quarter 32.03.2082 (2025.07.16) | 3'rd Quarter 31.12.2081 (2025.04.13) | Year Ended 31.03.2081 (2024.07.15) |
|---|---|---|---|
| **Revenue** | | | |
| Sales of Electricity-SUHEP | 300,283 | 197,367 | 197,881 |
| Sales of Electricity-SHEP | 574,617 | 279,984 | - |
| **Cost of Sales** | | | |
| Direct Costs -SUHEP | (54,109) | (36,681) | (35,151) |
| Direct Costs -SHEP | (75,419) | (27,566) | - |
| Royalty-SUHEP | (7,877) | (5,817) | (5,431) |
| Royalty-SHEP | (16,530) | (10,638) | - |
| **Gross Profit** | **720,965** | **396,649** | **157,299** |
| Employee Benefits | (18,841) | (13,467) | (17,614) |
| Operating and Administrative Expenses | (26,534) | (20,367) | (23,669) |
| Depreciation and Amortization | (387,478) | (240,085) | (100,180) |
| **Profit From Operation** | **288,112** | **122,730** | **15,836** |
| Other income | 6,597 | 3,634 | 3,138 |
| Finance income | 1,429 | 949 | 5,156 |
| Finance Cost | (572,338) | (366,580) | (171,282) |
| Exchange Gain / (loss) | (3,180) | (3,601) | (6,147) |
| **Profit Before Bonus and Tax** | **(279,380)** | **(242,868)** | **(153,299)** |
| Provision for Bonus | - | - | - |
| Income Taxes | - | - | (1,289) |
| **Net Profit** | **(279,380)** | **(242,868)** | **(154,588)** |

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD 2010

## अनुसूची-१४

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) अनुसूची-१४ अनुसार कम्पनीको आ.व.२०८१/०८२ को चौथो त्रैमासिक प्रतिवेदन ।

१. **वित्तिय विवरण :**

(क) त्रैमासिक अवधिको संक्षिप्त वासलात र नाफा/(नोक्सान) सम्वन्धी विवरणहरू यसै साथ संलग्न गरिएको छ ।

(ख) **प्रमुख वित्तिय सूचकहरू:**

यस त्रैमासिक अवधिमा प्रतिशेयर आम्दानी रु (१.४६), प्रतिशेयर नेटवर्थ रु ८७.७० र प्रतिशेयर कुल सम्पतिको मुल्य रु ३६९.२६ रहेको छ ।

यस त्रैमासिक अवधिमा सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को समेत परीक्षण उत्पादन समाप्त भएपश्चात् व्यापारिक उत्पादन मिति २०८१ पुष १ गतेदेखि शुरु भई नियमित विद्युत विक्री आम्दानी भइरहेको छ । नेपाल विद्युत प्राधिकरणवाट निर्माणाधिन चिलिमे त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न भएकोले दुवै आयोजनावाट उत्पादित विद्युत शक्ति सोही प्रशारण लाइनवाट प्रवाह भइरहेको छ । यस आ व को असाढमसान्तसम्ममा दुवै आयोजनावाट विद्युत आम्दानी वढेकोले वित्तिय सूचकहरु सोही बमोजिम प्रस्तुत भएका छन् ।

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) सान्जेन (माथिल्लो) जलविद्युत आयोजना (१४.८ मे वा) को लट २ र लट ४ कार्यको TOC दिइ Defect Notification Period मिति डिसेम्वर २०, २०२४ देखि समाप्त भएको छ भने लट ३ कार्यको निर्धारित चिलिमे त्रिशुली २२० के भि प्रशारणलाइन निर्माण सम्पन्न नभएकोले December 9,2024 देखि Defect Notification Period शुरु भएको छ । यस आ व मा कुल विद्युत विक्री रकम रु८७ करोड ४९ लाख भएको छ ।

(ख)सान्जेन जलविद्युत आयोजना (४२.५ मे वा) को लट २ सिभिल लट ३ इलेक्ट्रोमेकानिकल र लट ४ हाइड्रोमेकानिकल कार्यको TOC दिइ Defect Notification Period मिति डिसेम्वर १६, २०२४ देखि शुरु भएको छ ।

(घ) Electricity sales Receivables मा गत आ.व. मा सान्जेन (माथिल्लो) जलविद्युत केन्द्रबाट उत्पादित विद्युत शक्ति बिक्री गरिएको मासिक बिल मात्र देखाइएकोमा यस आ.व. मा दुईवटै केन्द्रको मासिक बिल समावेश भएकोले प्राप्य रकम उल्लेख्य मात्रामा बृद्धि हुन गएको छ ।

(ङ) गत आ.व. मा सान्जेन (माथिल्लो) जलविद्युत केन्द्रबाट मात्र उत्पादन भएकोमा यस आ.व. मा भने २०८१/०९/०१ देखि दुवै केन्द्रबाट विद्युत शक्ति उत्पादन भै आपूर्ति गरिए बमोजिम हुने आयलाई बिक्री शिर्षकमा लेखांकन हुँदा यस शिर्षकको रकममा उल्लेख्य बृद्धि हुन गएको छ ।

(च) प्रत्यक्ष खर्च (Direct Costs) अन्तर्गत गत आ.व. को दोस्रो त्रैमासिक अवधिसम्म सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको खर्च मात्र पूँजीकरण गरिएकोमा यस आ.व. को मंसिर मसान्तसम्मको खर्चलाई पूँजीकरण गरी दुवै पावरप्लान्ट सञ्चालन खर्चलाई प्रत्यक्ष खर्च शिर्षकमा लेखाकन गरिएकोले खर्च रकम उल्लेख्य मात्रामा बृद्धि हुन गएको देखिन्छ ।

(छ) यस त्रैमासिक अवधिमा सान्जेन (४२.५ मे.वा.) जलविद्युत आयोजनाको ह्रास खर्च र व्याज समेत थप हुँन जाँदा नाफा/नोक्सानमा पनि सोही अनुसार प्रभाव पर्न गएको छ ।

सान्जेन जलविद्युत कम्पनी लि.
SANJEN JALAVIDHYUT CO.LTD.
ESTD2010

(ज) गत आ.व मा सबै व्याज खर्चहरुलाई पूँजिकरण गरिएकोमा यस अवधिमा भने पूँजिकरण गरिएपश्चात्को व्याज खर्चलाई समेत नाफा/(नोक्शान) हिसावमा समावेश गरिएकोले व्याज खर्च उल्लेख्य मात्रामा वृद्धि हुन गएको छ ।

(झ) सान्जेन जलविद्युत आयोजनाको निर्माण अवधिको व्याज बाहेकको शुरु लागत अनुमान रु. ५ अर्ब २ करोड ४२ लाख र सान्जेन (माथिल्लो) जलविद्युत आयोजनाको रु. २ अर्ब २१ करोड ८० लाख गरी कुल रु. ७ अर्ब २४ करोड २२ लाख (वैशाख २०६८ को आधारमा) हुने अनुमान रहेको थियो । तर आयोजना निर्माणको चरणमा भुकम्प, नाकावन्दी, कोरोना, बाढि पहिरो, कानुनी झंझट लगायतका विविध कारणले आयोजनाको निर्माण अवधि लम्बिदै जाँदा निर्माण अवधिको व्याज, विदेशी मुद्राको सटही दरमा भएको वृद्धि, प्रशासनिक खर्च, परामर्शदाताको खर्च, मूल्य समायोजन जस्ता कारणबाट आयोजना लागत पनि सोही अनुसार वृद्धि हुन गएको छ ।

(ञ) आयोजना निर्माणका लागि ऋण सम्झौता बमोजिम लिइएको ऋण तथा व्याजको पहिलो किस्ता मिति २०८१ चैत्र मसान्त देखि रकम रु ३४ करोड ७८ लाख २४ हजार फिर्ता भुक्तानी शुरु गरिसकिएको छ ।

**३.कानुनी कारवाही सम्वन्धी विवरण :**

यस सम्वन्धमा कुनै कैफियत नभएको ।

**४.संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण :**

(क) सेयरको बजार मूल्यमा असाधारण तरिकाले थप/घट हुने गरी कम्पनी व्यवस्थापनद्वारा कुनै कार्यहरू गरिएको छैन । धितोपत्र बजारमा यस कम्पनिको शेयर कारोबार सामान्य प्रकृतिबाटै भईरहेको छ ।

(ख) त्रैमासिक अवधिको सेयर कारोवार सम्वन्धी विवरण : (श्रोत: नेप्सेको आधिकारिक वेभसाईट)

| सेयरको अधिकतम् मूल्य (रू.) | सेयरको न्यूनतम् मूल्य (रू.) | सेयरको अन्तिम मूल्य (रू.) | कारोवार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ३५३/२० | ३११/३० | ३१७/२८ | ६४ | ९९८५ |

**५.समस्या र चुनौती :**

आयोजना निर्माणको चरणमा बिभिन्न वाधा अवरोध आइपरेको हुँदा यसको असर आयोजना लागतमा देखिएको छ । फलतः कर्मचारी सञ्चय कोषबाट साँवा रकम थप गर्नु पर्नाका साथै व्याज पूँजीकरण हुदै जाँदा निर्माण लागत मध्येको ऋण पूँजीको आकार वृद्धि हुदै गएको छ । यस्तो पूँजीकृत ऋण रकम साथै व्याज समेतको किस्ता भुक्तानी गर्नु पर्ने साथै शेयरधनीहरुलाइ प्रतिफल समेत दिनु पर्ने भएकोले वित्तिय व्यवस्थापन गर्नु कम्पनीको लागि मुख्य चुनौतिको रुपमा देखिएको छ ।

उल्लेखित समस्यालाइ केही हदसम्म सम्बोधन गर्ने प्रयास स्वरुप कर्जा रिपेमेन्ट अवधि र व्याजदरलाई समय सापेक्ष पूनरावलोकन गरिदिन कर्मचारी सञ्चय कोषलाइ अनुरोध गरिएकोमा ऋणको व्याजदर ७.२५ प्रतिशत कायम भएको छ । हाल कर्जा भुक्तानी अवधि पूर्व सम्झौता बमोजिम नै अवधि १० वर्ष कायम गरी ४० किस्तामा ऋण भुक्तानी गर्ने योजना बमोजिम पहिलो किस्ता साँवा र व्याज २०८१ चैत्रबाट शुरु भैसकेको छ ।

**६.संस्थागत सुशासन :**

कम्पनीको आर्थिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियमावली र कर्मचारी व्यवस्थापनको लागि कर्मचारी सेवा शर्त विनियमावली लगायतका नियम र विनियमावलीहरू सञ्चालक समितिबाट स्वीकृत गराई लागू गरिएको । कम्पनी ऐन, २०६३ को प्रावधान बमोजिम लेखापरीक्षण समिति गठन गरिएको छ । त्यस्तै गरी पदपूर्ति समिति, आयोजना कार्यान्यवन अनुगमन उप-समिति, शेयर निष्काशन तथा व्यवस्थापन उप-समिति तथा आवश्यकता अनुसार अन्य उप-समितिहरूको गठन गर्ने गरिएको । आयोजनाको विस्तृत डिजाइन र निर्माण सुपरभिजनको लागि छुट्टै परामर्शदाताको नियुक्ति गरिएको । प्रचलित ऐन कानुनको पालना हुने गरी महालेखा परीक्षकको कार्यालयबाट लेखापरीक्षक नियुक्तीको लागि परामर्श माग गरी तहाँबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्त गरी वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गर्ने गरिएको । साथै कम्पनी ऐन २०६३ बमोजिम तोकिएको समय भित्र साधारण सभा गर्ने गरिएको । कम्पनीको

सम्पूर्ण शेयर निष्काशन नहुन्जेल सम्मकोलागि संस्थापक शेयरधनी संस्थाबाट सञ्चालक मनोनित भएपछि मात्र सञ्चालक समितिले पूर्णता पाउने छ । सञ्चालकहरु आ-आफ्नो क्षेत्रमा लामो समय अनुभवी रहेकाहरु नियुक्त भई आएको अवस्था रहेको । कम्पनिको आर्थिक प्रशासन विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक लेखापरीक्षणको व्यवस्था गरिएको ।

७. अन्य:

(क) कर्मचारी सञ्चय कोषबाट दिर्घकालिन ऋणपूँजी लगानी भएको छ । उक्त कर्जाको परिमार्जित वार्षिक व्याज दर हाल ७.५ प्रतिशत रहेको छ । दिर्घकालीन कर्जाको व्याज प्रत्येक तीन/तीन महिनामा पूँजीकरण गर्ने गरिएको थियो । आयोजनाहरू सञ्चालनमा नआउँदासम्म व्याज पूँजीकरण हुँदै आएकोमा दुवै आयोजनाहरुबाट व्यापारिक उत्पादन शुरु भएकोले सोही अवधिदेखि लागू हुने गरी कायम भएको व्याजलाई नाफा नोक्सान खातामा समावेश गरिएको छ । कम्पनीको अल्पकालिन वित्तिय व्यवस्थापन स्वरुप यस कम्पनीको मुख्य लगानीकर्ता श्री चिलिमे जलविद्युत कम्पनी लि.बाट रु. ६८ करोड र एन आइ एम वि बैंक लि बाट रु १७ करोड अल्पकालिन सापटी/ऋण स्वरुप लिई वित्त व्यवस्थापन गरिएको छ जसको लेखांकन अल्पकालिन ऋण अन्तर्गत वासलातमा देखाइएको छ ।

विगतमा झेल्नु परेको विभिन्न प्राकृतिक प्रकोप लगायत घटनाहरु भुकम्प, वाढी पहिरो, नेपाल भारत सीमा अवरोध, विभिन्न सरकारी तथा अर्धसरकारी निकायबाट पाउनुपर्ने स्वीकृतीमा ढिलाइ, ठेकेदारको कार्यसम्पादनमा ढिलाइ, भुकम्प, कोभिड-१९,सीमा अवरोध लगायत विविध कारणले गर्दा आयोजना सम्पन्न हुन ढिलाइ भएतापनि हाल आयोजनाहरु सम्पन्न भइ सञ्चालनमा रहेका छन् ।

उल्लेखित जलविद्युत आयोजनाहरुबाट वार्षिक ३२ करोड ४३ लाख ५ हजार यूनिट विद्युत शक्ति उत्पादन गरी विद्युत खरिद-बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री हुँदै आएको छ । यसरी प्राप्त आयलाई विद्युत केन्द्रको सञ्चालन तथा अन्य प्रशासनिक खर्चहरुको व्यवस्थापन गर्न, आयोजना निर्माण अवधिको व्याज सहितको कर्जा भुक्तानी गर्न, सञ्चालनको अवधिमा हुने व्याज भुक्तानि गर्न, सेयरधनीलाई प्रतिफल दिन र नयाँ आयोजनाहरूको अध्ययन तथा विकास गर्नमा खर्च गर्दै जाने योजना रहेको छ । दुवै जलविद्युत आयोजनाबाट व्यापारिक उत्पादन शुरु भइसकेको हुँदा नयाँ आयोजना पहिचानको कार्य समेत अगाडि बढाइने छ ।

(ख) कम्पनीको नगद प्रवाहमा प्रतिकूल असर पर्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने ।

**७.प्रमुख कार्यकारी अधिकृतको उद्घोषण:**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायी छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने वुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरूलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भन्ने कुरामा पनि म विश्वस्त छु । थप जानकारी आवश्यकता महशुस गरी कम्पनीमा सम्पर्क राख्न आउने लगानीकर्ताहरूको प्रयासलाई सधैं स्वागतयोग्य कदम ठान्ने छु।

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO.LTD. EST0201

## अनुसूची— १६
## (नियम २६ को उपनियम (५) सँग सम्बन्धित)
## विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण

**तुरुन्तै जानकारी गराउनु पर्ने घटनाहरू:**

१ संगठित संस्थाको विनियममा संशोधन भएमा – छैन।

२ तात्विक असर पर्ने व्यवसायिक सम्झौता वा समाप्ती (Material Business Agreement) – छैन।

३ तात्विक असर पर्ने व्यवसायीक सम्झौता (Material Business Agreement) को समाप्ती – छैन।

४ तात्विक असर पार्ने सम्पत्ति (Material Assets) खरीद/बिक्री सम्बन्धी विवरण – छैन।

५ कुनै वित्तीय दायित्व, जमानत वा अन्य सम्भावित दायित्व सम्बन्धी विवरण –छैन।

६ व्यवसाय/सेवाबाट वर्हिगमन सम्बन्धी विवरण – छैन।

७ सम्पत्तिको पुर्नमूल्यांकन सम्बन्धी विवरण – छैन।

८ लेखापरीक्षक परिवर्तन भएमा
आ.व.२०८१/८२ का लागि श्री महालेखापरीक्षकको कार्यालयको सिफारिस वमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट चार्टर्ड एकाउन्टेन्ट श्री सुरेन्द्र वहादुर के. सी. लाई कम्पनीको वैधानिक लेखापरिक्षकको नियुक्त भई लेखापरिक्षण कार्य भईरहेको।

९ संगठित संस्थाको सञ्चालक वा उच्च व्यवस्थापकीय तहका अधिकृतको परिवर्तन भएमा – हाल संस्थागत प्रतिनिधित्व गर्नु हुने सञ्चालकहरु श्री रामजी भण्डारी र नारायण प्रसाद आचार्यको ठाउमा नयाँ सञ्चालक श्री नवराज शान्तिलक्ष्मि शाक्य र श्री समिर प्रसाद पोखरेललाई मनोनयन गरिएको पत्र श्री चिलिमे जलविद्युत कम्पनी लिमिटेडवाट प्राप्त भएको र नेपाल विद्युत प्राधिकरणवाट श्री रामजी भण्डारीको स्थानमा श्री दीर्घायू कुमार श्रेष्ठ सञ्चालकको रुपमा मनोनयन भई सञ्चालक समितिको मिति २०८२फाल्गुण २० गतेको ३०७ औ वैठकको निर्णय वमोजिम सञ्चालक समितिको अध्यक्षको रुपमा कार्यरत रहनु भएको।

१० संगठित संस्थाको नियन्त्रणमा परिवर्तन भएमा – छैन।

११ शेयरपूँजीको स्वामित्व संरचना परिवर्तन भएमा – छैन

१२ व्यवसायको प्रकृति परिवर्तन भएमा – छैन।

१३ लाभांश घोषणा वा पूँजी संरचना परिवर्तन भएमा –। छैन

१४ शेयरवालाको अधिकारमा तात्विक असर पर्ने गरी हेरफेर भएमा – छैन।

१५ प्रतिफलको लागि शेयर निष्काशन गरेमा - छैन

१६ संगठित संस्थाले दायर गरेको वा संगठित संस्था विरुद्ध दायर भएको मुद्दा –छ। सान्जेन माथिल्लो जलविद्युत आयोजनाको लट २ सिभिल ठेकेदार ECI-BGCCPL J/V ले Liquidated Damage लगायत अन्य विषयमा भएको निर्णयमा चित्त नवुझाई श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरेको। त्यस्तै सान्जेन जलविद्युत आयोजनाको सिभिल निर्माण कार्यका ठेकेदार SEW-Tundi J/V ले कम्पनीवाट Advance Guarantee वापतको रकम Forefiet गरिएकोमा उक्त निर्णयमा चित्त नवुझाई श्री उच्च अदालत पाटनमा मुद्दा दायर गरेको।

१७ संगठित संस्थाबाट जारी गरिएको सूचना – छैन।

१८ पूर्वघोषित वित्तिय विवरणहरु त्रुटी भएमा– यस भन्दा अगाडि प्रकाशित विवरणमा भएको सामान्य परिवर्तनलाई समेत यस विवरणमा मिलाइएको छ।

१९ ठेगाना परिवर्तन भएमा – छैन।

२० व्यवसाय सञ्चालन हुन नसक्ने वा खारेजी – छैन।

२१ नामसारी दाखिल खारेज बन्द – छैन।

२२ कुनै असामान्य घटना र संगठित संस्थामा परेको असर – छैन।

२३ आर्थिक वर्ष समाप्त भएको छ महिना समाप्त भैसक्दा पनि वार्षिक साधारण सभा नभएमा – सम्पूर्ण शेयर पूँजी संकलन भएको हुदा सञ्चालकहरुको निर्वाचन गर्नु पर्ने हुदा निर्वाचनका लागी तय गरिएको मिति २०८० चैत्र ५ गतेको १३औं साधारण सभा

सान्जेन जलविद्युत कम्पनी लि. SANJEN JALAVIDHYUT CO.LTD. ESTD2010

स्थानीय रसुवावासीको माग र उच्च अदालत पाटनमा परेको रिटका कारण स्थगित गरिएकोले उक्त साधारण सभा चाडै सम्पन्न गरिनेछ।

२४ सूचिकरण खारेज भएको सूचना वा सूचिकरण हुन आवश्यक कुरा पुरा गर्न नसकेमा – छैन।

२५ संगठित संस्थाको शेयरको मूल्यमा तात्विक प्रभाव पार्ने त्यस्तै अन्य कुनै घटना – छैन।